नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २५६ • २०८३ साल भाद्र ०६ गते शनिबार • Saturday 22, August 2026 • सूर्योदयः बिहान ०५:३७ बजे • सूर्यास्तः साँझ ०६:३५ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## नौ विद्युतीय स्कुटर बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याइएका ९ वटा भारतीय इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको छ।
प्रहरीका अनुसार बुधबार दिउँसो करिब ४ बजे वीरगंज महानगरपालिकाका विभिन्न स्थानबाट भन्सार छली नेपाल भित्र्याई अनधिकृत रूपमा सञ्चालन भइरहेका इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिइएको हो।
नियन्त्रणमा लिइएका ९ वटा भारतीय इलेक्ट्रिक स्कुटरको अनुमानित मूल्य ७ लाख २० हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ । बरामद स्कुटरहरू थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी डीएसपी चक्रबहादुर मल्लले जानकारी दिए।

# कागजमै सीमित मधेशको ‘उज्यालो प्रदेश’ योजना

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालमा सबैभन्दा बढी घाम लाग्ने भू–भागमध्ये पर्ने मधेश प्रदेश सौर्य ऊर्जा उत्पादनका लागि उच्च सम्भावना बोकेको प्रदेश हो । समथर भू–भाग, वर्षको लामो समयसम्म पर्याप्त घाम लाग्ने अवस्था, खुला जमिनको उपलब्धता र छिमेकी भारतीय बजारसम्मको सहज पहुँचका कारण मधेशलाई सौर्य ऊर्जाको हब बनाउन सकिने सम्भावना छ।
यही सम्भावनालाई आर्थिक समृद्धिसँग जोड्ने उद्देश्यले मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७६÷७७ मा ‘हाम्रो प्रदेश, उज्यालो प्रदेश’ नारा अघि सार्दै सौर्य ऊर्जालाई गौरवको योजनाका रूपमा अगाडि बढाएको थियो। त्यसका लागि कानुनी आधार तयार गर्ने, बजेट छुट्याउनेदेखि निजी तथा विदेशी लगानी भित्र्याउनेसम्मका योजना अघि सारिए। तर, सात वर्ष बितिसक्दा पनि प्रदेश सरकारले घोषणा गरेका ठूला सौर्य आयोजना कार्यान्वयनमा आउन सकेका छैनन्।
कृषिप्रधान मधेशमा सिँचाइदेखि कृषि प्रशोधन, स्वास्थ्य संस्था, विद्यालय, उद्योग र सञ्चार क्षेत्रसम्मका लागि नियमित विद्युत् आवश्यक छ। विद्युत् आपूर्तिको वैकल्पिक स्रोतका रूपमा सौर्य ऊर्जालाई विस्तार गर्ने योजना प्रदेश सरकार गठनको सुरुवाती चरणदेखि नै अघि सारिएको थियो।
तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले पाँच वर्षभित्र प्रदेशलाई वैकल्पिक ऊर्जातर्फ अघि बढाउने लक्ष्यसहित सौर्य ऊर्जा कार्यक्रम अघि सारेका थिए। पहिलो चरणमा प्रदेशको प्रशासनिक केन्द्र मधेश भवनमै सौर्य प्लान्ट स्थापना गर्ने योजना बन्यो । यसको डीपीआरसमेत तयार पारियो।
त्यसपछि पर्साको वीरगंजस्थित ठाकुरराम क्याम्पस र महोत्तरीको बर्दिबास क्षेत्रमा ठूला सौर्य आयोजना निर्माणका लागि जग्गा खोजी थालियो । निजी क्षेत्रको सहभागिताका लागि चौधरी ग्रुपसँग सहकार्यको पहलसमेत भयो । तर, सरकार परिवर्तन, संघीय सरकारबाट लिनुपर्ने अनुमति र नेपाल विद्युत् प्राधिकरणसँगको आवश्यक समन्वयको अभावले ती योजना अघि बढ्न सकेनन्।
तत्कालीन मुख्यमन्त्री लालबाबु राउतका अनुसार २०७५ सालको लगानी सम्मेलनका क्रममा क्यानडाको स्काई पावर कम्पनी र चौधरी ग्रुपमार्फत मधेश प्रदेशमा २५० मेगावाट क्षमताका तीनवटा सौर्य आयोजना निर्माण गर्ने समझदारी भएको थियो । नेपालभर करिब ६०० मेगावाट सौर्य ऊर्जा उत्पादनका लागि करिब ५० अर्ब रुपैयाँ लगानी गर्ने समझदारी पनि त्यसबेला भएको थियो।
त्यसै क्रममा विद्युत् विकास विभागबाट पर्साको परवानीपुरमा ३० मेगावाट र महोत्तरीको ढल्केवरमा १२० मेगावाट क्षमताको सौर्य आयोजना निर्माणका लागि सर्वेक्षण अनुमति लिइयो । तर, विद्युत् खरिद सम्झौता (पीपीए) को प्रक्रिया अघि बढ्न नसक्दा ती आयोजना निर्माणको चरणमा प्रवेश गर्न सकेनन्।
सौर्य ऊर्जालाई प्राथमिकतामा राखेर संघीय सरकारले पनि सुरुका तीन आर्थिक वर्ष वैकल्पिक ऊर्जाका लागि प्रदेशलाई बजेट उपलब्ध गराएको थियो। पहिलो वर्ष एक करोड रुपैयाँ तथा त्यसपछिका दुई वर्ष तीन–तीन करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेश सरकारले पनि त्यसमा आफ्नो बजेट थपेर कार्यक्रम सञ्चालन गर्ने तयारी



गरेको थियो। खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय गठन भएपछि तत्कालीन मन्त्री ओमप्रकाश सर्राफले प्रदेशको बजेटसमेत समेटेर सौर्य ऊर्जाका लागि पाँच करोड रुपैयाँ छुट्याएका थिए। विद्यालय, अस्पताल, सामुदायिक एफएम रेडियो तथा महिला उद्यमीका उद्योगमा सौर्य प्रणाली जडान गर्न अनुदान दिने कार्यक्रमसमेत ल्याइएको थियो । तर, कानुनी प्रक्रिया पूरा हुन नसक्दा बजेट खर्च हुन सकेन । पटक–पटक बजेट खर्च नभएपछि संघीय सरकारले समेत पछि यस शीर्षकमा बजेट पठाउन छाडेको बताइएको छ।
प्रदेश सरकारले विद्युत् क्षेत्रको विकासका लागि प्रादेशिक विद्युत् ऐन, २०७७ ल्यायो । त्यसपछि सौर्य ऊर्जा विशेष कार्यक्रम सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०८० स्वीकृत गरियो। यी व्यवस्थाले सरकारी तथा निजी अस्पताल, विद्यालय, शैक्षिक संस्था, सामुदायिक रेडियो र महिला उद्यमीका उद्योगमा संस्थागत सौर्य प्रणाली जडान गर्ने आधार तयार पारे पनि व्यवहारमा कार्यक्रम अघि बढ्न सकेन।
संघ, प्रदेश र स्थानीय तहसँगै निजी क्षेत्रको साझेदारीमा सौर्य आयोजना सञ्चालन गर्ने अवधारणासमेत अघि सारिएको थियो । तर, अधिकार क्षेत्रको अस्पष्टता र आवश्यक समन्वयको अभावका कारण त्यस्ता योजना पनि कार्यान्वयनमा जान सकेनन्।
नीति तथा योजना निर्माणमा भने प्रदेशले सौर्य ऊर्जालाई प्राथमिकताबाट हटाएको छैन । प्रदेश नीति तथा योजना आयोगले पहिलो र दोस्रो आवधिक योजनामा सौर्य ऊर्जालाई प्राथमिकतामा राखेको छ। तर, पहिलो आवधिक योजनाको मूल्यांकनमा अधिकांश लक्ष्य पूरा हुन नसकेको उल्लेख छ।
दोस्रो आवधिक योजनाले मधेश प्रदेशमा सौर्य ऊर्जाबाट बत्ती बाल्ने दर ०.८ प्रतिशत मात्रै रहेको देखाएको छ। सौर्य ऊर्जाको उच्च सम्भावना भएको प्रदेशमा यसको प्रयोग यति न्यून हुनु सरकारी नीति र कार्यान्वयनबीचको ठूलो अन्तरका रूपमा देखिएको छ।
वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका अनुसार मधेश प्रदेशमा हाल १२६ वटा संस्थागत सौर्य प्रणाली सञ्चालनमा छन्। ती प्रणालीको कुल क्षमता २०८.५० किलोवाट मात्रै छ । यस्तै, प्रदेशका विभिन्न स्थानमा २ हजार ८२८ वटा सौर्य सिँचाइ प्रणाली जडान भएका छन्। चालु आर्थिक वर्षमा थप सौर्य सिँचाइ प्रणालीका लागि सम्भाव्यता अध्ययन गर्ने योजना रहेको केन्द्रले जनाएको छ।
संघीय सरकार तथा बेलायती सहयोगमा सञ्चालित विभिन्न परियोजनाबाट केही सौर्य आयोजना, विद्युतीय सवारी चार्जिङ स्टेसन र ऊर्जा उपकरण वितरणको काम भने भएको छ। तर, प्रदेश सरकारले आफ्नै गौरवको योजनाका रूपमा घोषणा गरेका ठूला सौर्य आयोजना अझै निर्माणमा जान सकेका छैनन्।
सात वर्षको अवधिमा मधेश प्रदेशले सौर्य ऊर्जाका लागि नीति बनायो, कानुन ल्यायो, बजेट छुट्यायो र स्वदेशी तथा विदेशी लगानीकर्तासँग सहकार्यको प्रयास पनि ग¥यो। तर, उपलब्धिसँग तुलना गर्दा यी प्रयासको प्रतिफल निकै कमजोर देखिएको छ।
सौर्य ऊर्जाको विकासमा संघ र प्रदेशबीचको अधिकार क्षेत्र, विद्युत् खरिद सम्झौताको प्रक्रिया, नेपाल विद्युत् प्राधिकरणसँगको समन्वय, सरकार परिवर्तन र कमजोर कार्यान्वयन क्षमता मुख्य अवरोधका रूपमा देखिएका छन्। परिणामतः प्राकृतिक रूपमा पर्याप्त घाम पाउने मधेश प्रदेशमा ‘हाम्रो प्रदेश, उज्यालो प्रदेश’को महत्वाकांक्षी योजना सात वर्षपछि पनि घोषणामै सीमित देखिएको छ।



गरिमा चौधरीका हत्यारालाई फाँसीको सजाय माग गर्दै वीरगंजमा शुक्रबार विद्यार्थीहरुको प्रदर्शन।
तस्बिरः टिभी वीरगंज

## गरिमा प्रकरणमा शुक्रबार पनि तनाव

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १ निवासी ३ वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनालाई लिएर उत्पन्न तनावका कारण वीरगंज पथलैया सडक खण्ड शुक्रबार पनि अवरुद्ध रह्यो । बिहीबार राति भएको ५ बुँदे सहमतिपछि साम्य भएको भनिए पनि राजमार्गमा अझै सवारी चल्नसकेका थिएनन्।
सहमतिप्रति मृतक बालिकाका बाबु मनोज चौधरी, आमा मनमति चौधरीलगायतले असहमति जनाएका छन् । बालिकाका बाबुआमाले आफूहरुलाई वार्ताको विषयमा थाहा नभएको प्रतिक्रिया दिएका छन्। पीडित परिवारले दोषी व्यक्ति आफूहरूलाई बुझाउनुपर्ने वा प्रधानमन्त्री, गृहमन्त्री, कानूनमन्त्री घटना स्थलमा उपस्थित भई कडा कानुन निर्माणको सुनिश्चितता दिनुपर्ने माग राखेका छन्।
सहमति कार्यान्वयन गर्न र बाबु आमालाई सम्झाएर यातायात सुचारु गर्न प्रयास विभिन्न पक्षबाट भइरहेको भए पनि पीडित पक्ष आफ्नो अडानबाट पछि नहटेका हुन् । यस्तै, ‘गरिमालाई न्याय देऊ’ भन्दै शुक्रबार काठमाडौँमा विरोध प्रदर्शन भएको छ। अधिकारकर्मी र आफन्तजनहरुले प्रदर्शन गरेका हुन् । प्रदर्शनमा सहभागीहरुले ‘गरिमालाई न्याय दे’ लेखिएका प्लेकार्ड प्रदर्शन गरेका छन्।
काठमाडौँ माइतीघर मण्डलामा बिहीबार पनि प्रदर्शन भएको थियो । त्यसैगरी बालिका गरिमा कुमारी चौधरीको बलात्कारपछि हत्या भएको घटनाप्रति नेपाली कम्युनिष्ट पार्टी, (नेकपा) पर्सा जिल्ला समितिले गम्भीर आपत्ति जनाउँदै दोषीलाई कडा भन्दा कडा कारबाही गर्न सरकारसँग माग गरेको छ।
पार्टीका जिल्ला संयोजक जय प्रकाश थारुद्वारा जारी प्रेस विज्ञप्तिमा सरस्वती आधारभूत विद्यालय, दक्षिणवयाह नर्सरीमा अध्ययनरत बालिका चौधरी साउन ३१ गते बिहानदेखि सम्पर्कविहीन भएको र खोजीका क्रममा भदौ २ गते आफ्नै घर नजिकैको एक घरमा विभत्स तथा अमानवीय अवस्थामा शव फेला परेको उल्लेख गरिएको छ।
घटनाले पार्टीलाई स्तब्ध र मर्माहत बनाएको भन्दै विज्ञप्तिमा पछिल्लो समय तराईसहित देशका विभिन्न क्षेत्रमा बढ्दै गएका अमानवीय, क्रूर र जघन्य आपराधिक घटनाको घोर भत्र्सना गरिएको छ । यस्ता घटना रोक्न प्रहरी प्रशासन तथा सम्बन्धित निकायले उच्च सतर्कता अपनाउनुपर्ने भन्दै पार्टीले दोषीमाथि कडा कारबाही गर्न माग गरेको छ। साथै, सिमराको घटनापछि जनतामा त्रास र भय बढेको भन्दै आम नागरिकको जिउधन तथा भौतिक सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग माग गरिएको छ।

## मधेशमा संगठन विस्तारमा
# जुट्यो अग्रगामी मोर्चा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
विभिन्न राजनीतिक दल सम्मिलित ‘अग्रगामी मोर्चा’ले मधेश प्रदेशमा आफ्नो संगठन विस्तारलाई तीव्रता दिने भएको छ । मोर्चाको शुक्रबार जनकपुरधाममा बसेको प्रदेशस्तरीय बैठकले प्रदेशदेखि जिल्ला तहसम्म संगठन विस्तार गर्दै आगामी राजनीतिक गतिविधिलाई प्रभावकारी बनाउने निर्णय गरेको हो।
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले घटक दलहरूको प्रतिनिधित्व रहने गरी मधेश प्रदेश समन्वय समिति गठन गरेको छ। बैठकले प्रदेशका आठवटै जिल्लामा जिल्ला समन्वय समिति गठन गर्ने जिम्मेवारीसमेत विभिन्न घटक दललाई बाँडफाँट गरेको छ ।निर्णयअनुसार भदौ १० गतेभित्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा जिल्ला समन्वय समिति गठन गरिनेछ । संगठन विस्तारसँगै मोर्चाले स्थानीय तहसम्म जनपरिचालनलाई प्राथमिकतामा राख्ने जनाएको छ।
जिल्लागत जिम्मेवारीअन्तर्गत सप्तरीमा जनमत पार्टी, सिरहामा बहुजन एकता पार्टी, महोत्तरीमा नेपाल जनमुक्ति पार्टी, सर्लाहीमा नागरिक उन्मुक्ति पार्टी र रौतहटमा आम जनता पार्टीलाई जिम्मेवारी दिइएको छ।
त्यस्तै, बारामा जसपा नेपाल र



शुक्रबारपा, धनुषामा जसपा नेपाल तथा पर्सामा प्रगतिशील लोकतान्त्रिक पार्टीलाई जिल्ला समन्वय समिति गठनको जिम्मेवारी तोकिएको छ।
मोर्चाले संगठन विस्तार र जनपरिचालनलाई थप गति दिन दुईवटा बृहत् क्षेत्रीय भेला आयोजना गर्ने निर्णयसमेत गरेको छ। भदौ २७ गते जनकपुरधाममा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका प्रतिनिधि सहभागी हुने संयुक्त क्षेत्रीय भेला आयोजना गरिनेछ।
यसैगरी रौतहट, बारा र पर्सालाई समेटेर असोज ३ गते वीरगंजमा बृहत् क्षेत्रीय भेला गर्ने निर्णय भएको छ । दुवै भेलामार्फत मोर्चाको राजनीतिक गतिविधि विस्तार गर्नुका साथै संगठनलाई प्रदेशका विभिन्न तहसम्म मजबुत बनाउने तयारी गरिएको छ।
बैठकले सिरहाका गणेश यादवको प्रहरीको गोली प्रहारबाट मृत्यु भएको घटना तथा बाराकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाप्रति दुःख व्यक्त गर्दै शोक प्रस्तावसमेत पारित गरेको छ।
मोर्चाले दुवै घटनाका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारलाई तत्काल न्याय र उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेको छ। साथै, घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने मागसमेत बैठकले गरेको छ।
अग्रगामी मोर्चामा जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल जनमुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टीलगायत राजनीतिक दलको सहभागिता रहेको छ।
प्रदेशस्तरीय संरचना निर्माण, जिल्ला तहमा संगठन विस्तार र क्षेत्रीय भेला आयोजना गर्ने निर्णयसँगै मोर्चाले मधेशमा आफ्नो राजनीतिक उपस्थिति थप सुदृढ गर्ने रणनीति अघि सारेको देखिएको छ।

# रास्वपामा नौ केन्द्रीय सदस्य मनोनित
## प्रवक्तामा खरेल

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समिति सदस्यमा नौ जनालाई मनोनयन गरेको छ।
पार्टीको शुक्रबार बसेको केन्द्रीय समिति बैठकले सुनिल लम्साल, सुधन गुरुङ, प्रतिभा रावल, भूपदेव शाह, पुरुषोत्तम सुप्रभात यादव, डा. मनोहर प्रधान, बसुमाया तामाङ, सुरेन्द्र चौधरी र डा. भक्तबहादुर राईलाई केन्द्रीय सदस्यमा मनोनयन गरेको हो।
बैठकले पार्टीका विभिन्न पदाधिकारी तथा विभागीय जिम्मेवारीसमेत तोकेको छ । सहमहामन्त्रीमा पुरुषोत्तम सुप्रभात यादव, कोषाध्यक्षमा डा. मनोहर प्रधान, सहकोषाध्यक्षमा बसुमाया तामाङ, प्रवक्तामा जगदीश खरेल(ललितपुर) तथा सहप्रवक्तामा डा. नमिता यादव र सुरेन्द्र चौधरीलाई मनोनयन गरिएको महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिए।
उनका अनुसार पार्टी सचिवालय सदस्यमा गणेश पराजुली, शिशिर खनाल, विराजभक्त श्रेष्ठ, पुरुषोत्तम सुप्रभात यादव, डा. मनोहर प्रधान, कविन्द्र बुर्लाकोटी, जगदीश खरेल(ललितपुर), लिमा अधिकारी आचार्य, दीपकराज बोहरा, समीक्षा बास्कोटा, शिव नेपाली, इन्दिरा राना मगर र मनिष झालाई मनोनयन गरिएको छ।
विभागीय जिम्मेवारीतर्फ सङ्गठन विभाग प्रमुखमा प्रमोद न्यौपाने, अन्तरराष्ट्रिय सम्बन्ध विभाग प्रमुखमा शिशिर खनाल, सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभाग प्रमुखमा विजय जैरु, जनस्वास्थ्य विभाग प्रमुखमा डा. तोसिमा कार्की, पूर्वाधार विभाग प्रमुखमा निशा डाँगी र अर्थ विभाग प्रमुखमा लिमा अधिकारी आचार्यलाई जिम्मेवारी दिइएको छ। प्रशिक्षण विभागको उपप्रमुखमा कमल सुवेदीलाई तोकिएको छ।



रास्वपाले आगामी स्थानीय निर्वाचनका लागि महामन्त्री आचार्यको संयोजकत्वमा तयार गरिएको ‘उम्मेदवार छनोट रूपरेखा–२०८३’ लाई बैठकमा प्राप्त सुझावसमेत समेटेर अनुमोदन गर्ने निर्णय गरेको छ।
स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समितिका सदस्य बन्न इच्छुक केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यबाट नामावली माग गर्ने निर्णयसमेत बैठकले गरेको छ।
‘राइट टु रिकल’ सम्बन्धी दस्तावेज निर्माण गर्न महामन्त्री आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ।
स्थानीय निर्वाचनको तयारीका लागि केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यलाई ४६० गाउँपालिकामा परिचालन गरी उम्मेदवार छनोट रूपरेखालगायत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालनको संयोजन सहमहामन्त्री निशा डाँगीले गर्नेछिन्।
बैठकले आगामी असोजदेखि ‘स्वतन्त्र’ मासिक डिजिटल पत्रिका प्रकाशन गर्ने निर्णयसमेत गरेको महामन्त्री आचार्यले जानकारी दिए।
मधेशमा जिल्ला तथा प्रदेश अधिवेशन सुरु गर्नुअघि सङ्गठनको अडिट गर्ने सहमहामन्त्री हरि ढकालको नेतृत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ । समितिमा मधेशबाहेकका प्रदेशका केन्द्रीय समिति सदस्य रहनेछन्।
रास्वपाको विधानअनुसार सभापति एक, राष्ट्रिय महाधिवेशनबाट निर्वाचित ९९, मनोनित ५१ र पदेन केन्द्रीय सदस्यका रूपमा प्रदेश सभापति सात गरी १५८ सदस्यीय केन्द्रीय समितिको व्यवस्था छ।

सम्पादकीय

# जनतालाई खोइ विकासको अनुभूति ?

मधेश सरकारले मुख्यमन्त्री र सभामुखका लागि करोडौँ रुपैयाँका विलासी गाडी खरिद गर्ने तयारी गरेको खबरले प्रदेशवासीको मनमा स्वाभाविक रूपमा प्रश्न उठाएको छ—सरकारको प्राथमिकता जनताको सेवा हो कि सत्ताको सुविधा ? सार्वजनिक पदमा बसेका व्यक्तिलाई आवश्यक सवारीसाधन उपलब्ध गराउनु अस्वाभाविक होइन, तर आर्थिक संकट, कमजोर पूर्वाधार र सीमित स्रोतसाधनका बीच महँगा गाडी खरिद गर्नु सरकारको संवेदनशीलता र विवेकमाथि गम्भीर प्रश्न हो । जनताले तिरेको करबाट चल्ने राज्य संयन्त्रले आफ्नो खर्चको औचित्य प्रमाणित गर्न सक्नुपर्छ।

मधेशका गाउँ–बस्तीमा अझै पनि स्तरीय सडक, सिँचाइ, खानेपानी, स्वास्थ्य सेवा र विद्यालयको अभाव छ । कतिपय नागरिक सामान्य उपचारका लागि टाढा धाउन बाध्य छन्, किसानले मल–बीउ र बजारको समस्या झेलिरहेका छन्, युवाहरू रोजगारीको खोजीमा विदेशिन बाध्य छन् । यस्तो अवस्थामा एउटै गाडीमा खर्च हुने करोडौँ रुपैयाँले धेरै विद्यालयमा शौचालय बनाउन, स्वास्थ्यचौकीमा औषधि पुऱ्याउन वा दुर्गम बस्तीमा सडक विस्तार गर्न सकिन्थ्यो । विकासको अनुभूति भाषण र उद्घाटनबाट होइन, नागरिकको दैनिक जीवनमा देखिने परिवर्तनबाट हुन्छ।

सरकारका उच्च पदाधिकारीले सुरक्षा, प्रशासनिक काम र भ्रमणका लागि सवारीसाधन चाहिन्छ भन्ने तर्क गर्न सक्छन् । तर आवश्यकता र विलासिताबीचको सीमा छुट्याउनु जिम्मेवार शासनको मूल परीक्षा हो । नयाँ गाडी किन्ने निर्णय गर्नुअघि विद्यमान सरकारी सवारीसाधनको अवस्था, मर्मतसम्भारको सम्भावना, खरिदको लागत र त्यसबाट जनतालाई हुने प्रत्यक्ष लाभबारे सार्वजनिक रूपमा स्पष्ट विवरण दिनुपर्छ । पारदर्शी प्रक्रिया, प्रतिस्पर्धी खरिद र खर्चको औचित्यबिना गरिने निर्णयले भ्रष्टाचारको आशंका मात्र बढाउँछ।

मधेश सरकारका लागि अहिलेको सही बाटो गाडी खरिदलाई गौरवको विषय बनाउनु होइन, खर्चको प्राथमिकता पुनःनिर्धारण गर्नु हो । जनप्रतिनिधि र मन्त्रीहरूले जनताको जीवनस्तर सुधार्ने कामलाई आफ्नो सुविधाभन्दा माथि राख्न सक्नुपर्छ । यदि अत्यावश्यक सवारीसाधन खरिद गर्नैपर्ने हो भने पनि त्यसका लागि स्पष्ट मापदण्ड, लागत सीमा, सार्वजनिक सुनुवाइ र जवाफदेहिताको व्यवस्था हुनुपर्छ । साथै, अनावश्यक सरकारी सवारीसाधनको दुरुपयोग रोक्दै साझा सवारी व्यवस्थापन र विद्यमान साधनको अधिकतम उपयोगमा जोड दिनुपर्छ।

मधेशका जनताले सरकारबाट चम्किला गाडी होइन, भरपर्दा अस्पताल, गुणस्तरीय शिक्षा, रोजगारी, सुरक्षित सडक र स्वच्छ खानेपानी खोजिरहेका छन् । सत्ताको सुविधा बढ्दै जाने तर नागरिकको दुःख जस्ताको तस्तै रहने हो भने संघीयता र प्रदेश सरकारप्रतिको विश्वास कमजोर हुन्छ । त्यसैले मुख्यमन्त्री, सभामुख र प्रदेश सरकारका सबै निकायले जनभावनाको सम्मान गर्दै करोडौँका गाडी खरिदको निर्णय पुनर्विचार गर्नुपर्छ । सरकारको वास्तविक प्रतिष्ठा महँगा गाडीमा होइन, जनताको आँखामा देखिने विकास र उनीहरूको जीवनमा आएको सुधारमा नापिनुपर्छ।

# पर्वतीय पर्यटनले खोल्दैछ अर्थतन्त्रको नयाँ ढोका

–सुवास दर्नाल/रासस

विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वका अग्ला हिमश्रङ्खला र सयौँ आरोहणयोग्य हिमाल रहेको नेपालका लागि पर्वतीय पर्यटन केवल साहसिक गतिविधि मात्र होइन, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, स्थानीय अर्थतन्त्रको विस्तार र राष्ट्रिय पर्यटन उद्योगको महत्वपूर्ण आधार बन्दै गएको छ। पछिल्ला वर्षमा पर्वतारोहण तथा पदयात्राका लागि नेपाल आउने पर्यटकको संख्या, आरोहण अनुमति र यसबाट हुने आर्थिक कारोबारले पर्वतीय पर्यटनको सम्भावना अझ फराकिलो रहेको पाइएको छ।

सगरमाथाको प्रवेशद्वार सोलुखुम्बुबाट हेर्दा यसको प्रभाव अझ स्पष्ट देखिन्छ। हिमाल आरोहणका लागि आउने विदेशी पर्यटकसँगै गाइड, उच्च हिमाली कामदार, भरिया, कुक, होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटन सामग्री बिक्रेता तथा अन्य सेवा प्रदायकसम्मको आम्दानी जोडिएको हुन्छ। यसरी हिमालमा सुरु हुने आर्थिक गतिविधि गाउँ हुँदै राष्ट्रिय अर्थतन्त्रसम्म पुग्ने गरेको छ।

**पर्वतीय पर्यटनमा पुनरुत्थान**

नेपालको पहिचानका रूपमा रहेको पर्वतीय पर्यटन (ट्रेकिङ तथा पर्वतारोहण) महामारीको कडा असरलाई चिर्दै पुनः पुरानै उच्च लयमा फर्किएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विगत पाँच वर्षको तथ्याङ्कअनुसार सन् २०२१ को तुलनामा सन् २०२५ सम्म आइपुग्दा ट्रेकिङ र पर्वतारोहणका लागि नेपाल आउने विदेशी पर्यटकको संख्या ४७७.१ प्रतिशत अर्थात् ५.८ गुणाले बढेको छ।

सन् २०२१ मा कोभिड–१९ सम्बन्धी कडा प्रतिबन्ध र 'लकडाउन'का कारण जम्मा २८ हजार ६०० जना पर्यटक मात्र पर्वतीय गतिविधिमा सहभागी भएका थिए । सन् २०२२ मा अन्तरराष्ट्रिय सीमा र हवाई सेवा खुला भएसँगै पदयात्रामा आउनेको संख्या ११५.६ प्रतिशतले बढेर ६१ हजार ६६९ पुग्यो। यो वृद्धिदर त्यसपछिका वर्षमा पनि निरन्तर कायम रह्यो।

सन् २०२३ मा ६५ प्रतिशतको वृद्धिदरसहित एक लाख एक हजार ७९२ जना र सन् २०२४ मा थप ५२.२ प्रतिशतले बढेर एक लाख ५४ हजार ९०० पुगेको पर्वतीय पर्यटकको संख्या सन् २०२५ मा एक लाख ६५ हजार ५६ जना पुगेको छ। यो अघिल्लो वर्ष सन् २०२४ को तुलनामा ६.५ प्रतिशतको क्रमिक वृद्धि हो।

पर्वतीय पर्यटनको यो पुनरागमनले कुल पर्यटक आगमनमा पनि आफ्नो बलियो उपस्थिति देखाएको छ । सन् २०२१ पछि नेपाल आउने कुल पर्यटकमध्ये पर्वतीय क्षेत्रमा जानेहरूको हिस्सा घटेर १० प्रतिशतसम्म झरेको थियो । तर, पछिल्ला तीन वर्षको निरन्तर सुधारपछि सन् २०२५ मा यो हिस्सा बढेर १४.२ प्रतिशत पुगेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०२५ को तथ्याङ्कअनुसार सन् २०२५ मा नेपालमा कुल ११ लाख ६२ हजार ३६५ विदेशी पर्यटक आएका थिए । तीमध्ये एक लाख ६५ हजार ५६ जना अर्थात् १४.२ प्रतिशत पर्यटकको मुख्य उद्देश्य ट्रेकिङ तथा पर्वतारोहण थियो । यसले नेपालमा आउने प्रत्येक सात जना पर्यटकमध्ये करिब एक जना पर्वतीय गतिविधिसँग प्रत्यक्ष जोडिएको देखाउँछ।

पर्यटनको यो हिस्सा केबल पर्यटक आगमनको संख्यामा मात्रै सीमित छैन। पर्वतीय पर्यटकले आवास, खानपान, यातायात, गाइड, भरिया, आरोहण सामग्री, बिमा, अनुमति, उद्धारलगायतका विभिन्न क्षेत्रमा गर्ने खर्चले अर्थतन्त्रमा बहुआयामिक प्रभाव पार्ने विश्वविख्यात पर्वतारोही स्पीडकाजी शेर्पा बताउँछन्। 'एक जना विदेशी पर्यटक नेपाल प्रवेश गरेदेखि स्वदेश नफर्किएसम्म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा एक दर्जनभन्दा बढी नेपालीले रोजगारी पाउँछन् । विमानस्थलबाट ओसारपसार गर्ने ट्याक्सी चालकदेखि ट्रेकिङ कम्पनी, गाइड, पोर्टर, आरोहण सहयोगी, होटल तथा अन्य सेवा प्रदायकसम्ममा यसको लाभ पुग्छ,' शेर्पाले भने, 'त्यसैले पर्वतीय पर्यटनलाई पर्यटकको संख्या र रोयल्टीबाट मात्र मूल्याङ्कन गर्न हुँदैन, यसले सिर्जना गर्ने रोजगारी, आय र आर्थिक गतिविधिको समग्र प्रभावलाई हेर्नुपर्छ।'

**हिमालबाट राज्यलाई राजस्व**

पर्वतारोहणबाट मुलुकले प्रत्यक्ष रूपमा प्राप्त गर्ने प्रमुख आर्थिक लाभमध्ये रोयल्टी महत्वपूर्ण हो । सगरमाथा, ल्होत्से, मनास्लु, मकालु, धौलागिरि, कञ्चनजङ्घालगायतका हिमालबाट सरकारले पर्वतारोहण रोयल्टी प्राप्त गर्दै आएको छ । त्यससँगै तुलनात्मक रूपमा कम उचाइका आरोहणयोग्य हिमालले पनि आर्थिक गतिविधिमा योगदान गरिरहेका छन्।

सरकारी तथ्याङ्कअनुसार नेपाल पर्वतारोहण सङ्घमार्फत अनुमति जारी हुने २७ वटा हिमालमा सन् २०२५ मा सात हजार ५४ जनाले आरोहण अनुमति लिएका थिए। तीमध्ये छ हजार ९०३ विदेशी र १५१ नेपाली आरोही थिए । यी हिमालबाट मात्रै १४ लाख २५ हजार ७२० अमेरिकी डलर अर्थात् करिब २० करोड रुपैयाँ रोयल्टी सङ्कलन भएको छ।

पर्वतीय पर्यटनका जानकार तथा नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाका अनुसार पर्वतारोहणबाट सिर्जना हुने आर्थिक योगदानलाई रोयल्टीमा मात्र सीमित गरेर हेर्न मिल्दैन । आरोहीले नेपालमा गर्ने अन्य खर्च जोड्दा यसको वास्तविक आर्थिक प्रभाव निकै ठूलो हुन्छ। एक जना आरोही नेपाल आउँदा अनुमति शुल्कबाहेक आरोहणका लागि आवश्यक उपकरण, लजिस्टिक, गाइड, उच्च हिमाली कामदार, खाद्यान्न, आवास, यातायात, सञ्चार तथा उद्धारमा खर्च हुन्छ। तीमध्ये ठूलो हिस्सा निजी क्षेत्र र स्थानीय सेवा प्रदायकसम्म पुग्ने शेर्पाको भनाइ छ।

**सोलुखुम्बुको अर्थतन्त्रमा हिमालको प्रभाव**

नेपालको पर्वतीय पर्यटनको आर्थिक प्रभाव बुझ्न सोलुखुम्बु एउटा महत्वपूर्ण उदाहरण हो । सगरमाथा आरोहणका लागि विश्वभरबाट आउने आरोही तथा अन्य पर्यटकका कारण खुम्बु क्षेत्रमा पर्यटनसँग सम्बन्धित व्यवसायको ठूलो सञ्जाल विकास भएको छ । लुक्लाबाट सुरु हुने पर्यटन गतिविधि फाक्दिङ, नाम्चे, थामे, तेङ्बोचे, दिङ्बोचे, लोबुचे हुँदै आधार शिविरसम्म फैलिन्छ । होटल, लज, रेस्टुरेन्ट, पसल, गाइड, भरिया, यातायात, सञ्चार तथा पर्यटन सामग्रीको कारोबार यसैसँग जोडिन्छ तर सोलुखुम्बुको पर्वतीय पर्यटन सगरमाथामा मात्र सीमित छैन । मेरा पिक, आइल्यान्ड पिक र लोबुजे इस्टजस्ता हिमालले पनि ठूलो संख्यामा आरोही आकर्षित गरिरहेका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशित गरेको 'नेपाल पर्यटन तथ्याङ्क–२०२५' अनुसार नेपाल पर्वतारोहण सङ्घमार्फत व्यवस्थापन हुने हिमालमध्ये सोलुखुम्बु क्षेत्रका मेरा पिकमा दुई हजार ६३३, आइल्यान्ड पिकमा दुई हजार ७८ र लोबुजेमा एक हजार ७७५ जनाले आरोहण अनुमति लिएका थिए । यी तीन हिमालमा मात्रै छ हजार ४८६ आरोहीले अनुमति लिएका थिए । यसले सगरमाथाबाहेकका हिमालमा पनि पर्यटनको ठूलो आर्थिक सम्भावना रहेको देखाउँछ।

**नयाँ हिमाल, नयाँ आर्थिक अवसर**

नेपालमा पर्वत पर्यटन विस्तारका लागि अबको मुख्य अवसर भनेकै नयाँ आरोहण गन्तव्यको विकास र प्रवर्द्धन हो। केही सीमित हिमालमा पर्यटक तथा आरोहीको चाप केन्द्रित हुँदा पर्यटनबाट प्राप्त हुने आर्थिक लाभ पनि सीमित क्षेत्रमा केन्द्रित हुने गरेको छ । कम चर्चित हिमाललाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनसके नयाँ क्षेत्रमा पर्यटन पूर्वाधार विकास, रोजगारी सिर्जना र स्थानीय उत्पादनको बजार विस्तार गर्न सकिन्छ।

सोलुखुम्बुकै उदाहरण हेर्दा मेरा पिक, आइल्यान्ड पिक तथा लोबुजेमा भइरहेको आरोहण गतिविधिले सगरमाथा आरोहण नगर्ने पर्यटकलाई जिल्ला भित्र्याउन सहयोग गरेको छ । यसबाट पर्यटकको बसाई लम्ब्याउने र स्थानीय खर्च बढाउने अवसर सिर्जना हुन्छ।

नेपालले पर्वतीय पर्यटनलाई सगरमाथाको ब्रान्डमा मात्र निर्भर नराखी हिमालको विविधता प्रस्तुत गर्नसके विश्वबजारमा नेपालको पर्वतीय पर्यटन उत्पादन अझ प्रतिस्पर्धी बन्नसक्ने कीर्तिमानी आरोही तेम्बाछिरि शेर्पाले बताए।

**दक्ष जनशक्ति र रोजगारी**

पर्वत पर्यटनले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ठूलो संख्यामा रोजगारी सिर्जना गरेको छ । गाइड, भरिया, कुक, होटल कर्मचारी, आरोहण सहयोगी, उद्धारकर्मी, पर्यटन व्यवसायी तथा विभिन्न सेवा प्रदायक यस क्षेत्रसँग जोडिएका छन् । तर अन्तरराष्ट्रिय पर्वतारोहण बजारमा प्रतिस्पर्धा गर्न दक्ष र प्रमाणित जनशक्ति आवश्यक हुन्छ । सुरक्षित पर्वतारोहणका लागि व्यावसायिक गाइड, उद्धारकर्मी र उच्च हिमाली कामदारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । नेपाल पर्वतारोहण सङ्घ र पर्यटन क्षेत्रका अन्य निकायले तालिम तथा दक्षता अभिवृद्धिका कार्यक्रम अघि बढाइरहेका छन्।

सन् २०२५ मा व्यावसायिक माउन्टेन गाइड तालिमअन्तर्गत सिटिइभिटीबाट स्वीकृत पाठ्यक्रममा तालिमसमेत सञ्चालन भएको थियो । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुर गेल्जे शेर्पाले नेपालमा सुरक्षित, व्यावसायिक र दिगो पर्वतीय पर्यटन विकासका लागि दक्ष जनशक्ति आवश्यक रहेको बताउँदै आएका छन् । उनले पर्वत पर्यटनको प्रवर्द्धनसँगै नयाँ पुस्तालाई यस क्षेत्रमा आकर्षित गर्ने र अन्तरराष्ट्रियस्तरको दक्षता विकास गर्नुपर्नेमा जोड दिएका छन्।

**हिमाल संरक्षणसँग जोडिएको अर्थतन्त्र**

पर्वतीय पर्यटनको विस्तारसँगै वातावरण संरक्षण अर्को महत्वपूर्ण विषय हो। जलवायु परिवर्तनका कारण हिमनदी पग्लिने, हिमतालको आकार परिवर्तन हुने, हिमपहिरोको जोखिम बढ्ने तथा आरोहण मार्गमा परिवर्तन आउनेक्रमले पर्वतीय पर्यटनको भविष्यमा चुनौती थपेको नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष शेर्पाले बताए। खुम्बु क्षेत्रमा देखिएका हिमनदी तथा हिमतालका परिवर्तनले पर्वतारोहण र पर्यटन पूर्वाधारको सुरक्षाबारे प्रश्न उठाएको छ।

सङ्घले पनि वातावरणीय जिम्मेवारी, पर्वतारोहण सुरक्षा तथा उच्च हिमाली उद्धार क्षमतामा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सङ्घको आयोजनामा गत मङ्गलबारदेखि काठमाडौँमा प्रोफेसनल माउन्टेन गाइड (पिएमजी) प्रशिक्षण 'स्किल कोर्स' सुरु भएको छ। चालिस दिने उक्त प्रशिक्षण काठमाडौँ र ताप्लेजुङको कञ्चनजङ्घा क्षेत्रमा सञ्चालन हुने आयोजकले जनाएको छ।

यो प्रशिक्षण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट स्वीकृत एक हजार ६९६ घण्टे व्यावसायिक पर्वतीय पथप्रदर्शकसम्बन्धी पाठ्यक्रमको महत्वपूर्ण हिस्सा भएको अध्यक्ष शेर्पाले जानकारी दिए।

**स्थानीयस्तरमा ठूलो आर्थिक लाभ**

पर्वतारोहणबाट राज्यले पाउने रोयल्टीलाई मात्र यसको आर्थिक योगदानको मापन मान्दा पर्वतीय पर्यटनको वास्तविक योगदान ओझेलमा पर्न सक्छ। एउटा आरोहण दलले अनुमति लिएपछि त्यसको खर्च आरोहण शुल्कमा मात्र सीमित हुँदैन। काठमाडौँमा तयारीदेखि सोलुखुम्बुको लुक्लासम्मको हवाई यात्रा, खुम्बुका होटल तथा लज, गाइड तथा भरियाको पारिश्रमिक, खाद्यान्न, आरोहण सामग्री, सञ्चार, बिमा र उद्धारसम्म विभिन्न चरणमा खर्च हुने गर्दछ।

यसरी एउटै आरोहीले गरेको खर्च धेरै व्यवसाय तथा श्रमिकलाई आर्थिक लाभ मिल्ने भएकाले यसको प्रभाव स्थानीय अर्थतन्त्रमा पर्ने पर्यटक व्यवसायी बलबहादुर दर्नालको भनाइ छ । उनका अनुसार स्थानीय तह र पर्यटन व्यवसायीलाई पर्वत पर्यटनको लाभसँग थप जोड्न आवश्यक छ । हिमाल भएको ठाउँका बासिन्दाले पर्यटनबाट प्रत्यक्ष आर्थिक लाभ पाउने वातावरण बनाउनसके पर्वत पर्यटन स्थानीय विकासको माध्यम बन्नसक्ने सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले बताए।

# पुरानो पहिरोको पिरलो

– प्रगति ढकाल/रासस

उपत्यकाको चक्रपथ पार गरेपछि काठमाडौँको कोलाहल विस्तारै पछाडि छुट्छ । सवारीको चाप कम हुँदै जान्छ, धुवाँ–धुलो पातलिन्छ र वरिपरि हरियाली बाक्लिँदै जान्छ । सहरको भीडबाट केही पर पुगेपछि प्रकृतिले आफ्नै ढङ्गले सजाएको शान्त र सुन्दर ठाउँ भेटिन्छ। यस्तै शान्त परिवेशमा छ, गोदावरी नगरपालिका–१० टाहाखेल । यहाँको वातावरण अझै पनि सहरको बढ्दो प्रदूषण र कोलाहलबाट धेरै हदसम्म टाढा छ। खुला आकाश, हरियाली र वरिपरि देखिने प्राकृतिक सौन्दर्यले यहाँ आउने जो कोहीलाई केहीबेर भए पनि सहरको व्यस्तता बिर्साइदिन्छ।

यही सुन्दर बस्तीमा छ गङ्गा सुनारको घर । वरिपरि फैलिएको हरियाली र शान्त वातावरण उनका लागि केवल बसोबास गर्ने ठाउँ मात्रै होइन, जीवनको एउटा अभिन्न हिस्सा बनेको छ। प्रकृतिले निःशुल्क दिएको यही सौन्दर्यसँग उनको दैनिकी जोडिएको छ । सहरको भीडभाडभन्दा अलि परको यो ठाउँ बाहिरबाट जति शान्त देखिन्छ, गङ्गा सुनारको जीवन भने त्यति नै सङ्घर्षले भरिएको छ। प्रकृतिको काखमा बसेको उनको घरले बाहिरबाट शान्त जीवनको अनुभूति दिन्छ, तर त्यो शान्त सतहमुनि आफ्नै कथा, दुःख, सङ्घर्ष लुकेका छन्।

मनसुन सुरू भएयताका कयौँ रातहरू अनिदो बितेका छन् उनका। अझै मनसुन सकिएको छैन । एकैछिनमा घाम लाग्छ, एकैछिनमा आकाशमा कालो बादल मडारिन्छ । एकैछिनमा झमझम पानी पर्छ। मौसमको कुनै भरै छैन । जब आकाश अँध्यारिएर मेघगर्जनसहित पानीका छिटा खस्न थाल्छ, सुनुवारको अनुहार पनि अँध्यारो हुन थाल्छ। अनि उनको ध्यान घरमुनिको पहिरोतर्फ जान्छ । पानी परेपछि पहिरो फेरि खस्ने हो कि भन्ने चिन्ताले रातभरि निद्रा लाग्दैन सुनुवारलाई । तन घरभित्रै भए पनि मन पुरानो पहिरो तिरै जान्छ । जुन पहिरो अझै आलो नै जस्तै देखिन्छ।

घरमुनिको उक्त पहिरोले उजाडेको उराड मन लिएर त्रासमा बस्नुको कुनै विकल्प नै छैन। 'आकाशबाट पानी पर्नासाथ डर लाग्छ,' गङ्गा भन्छिन्, 'एउटा घर छ, त्यो पनि पहिरोले लग्यो भने हाम्रो त टाउको लुकाउने ठाउँ नै हुँदैन ।' उक्त स्थानमा करिब दुई वर्षअघि गङ्गाको परिवारले नयाँ घर बनाएको थियो । नयाँ घरमा सर्ने तयारी भइरहँदा प्रकृतिले विपत्ति ल्यायो । जिन्दगीभरको महेनत घर्चेर बनाइएको नयाँ घरमा सर्ने दिन सम्झेर उनको परिवार उत्साहित थियो । घर निर्माण भइसके पनि शुभसाइत कुरेर बसेको थियो गङ्गाको परिवार । तर नयाँ घरमा सर्न नपाउँदै पहिरोले उनहरुको सपनालाई धक्का दियो। खुसी निराशामा परिणत गरायो।

विसं २०८१ असोज १२ गते सुनुवारको घरमुनि ठूलो पहिरो गयो। 'म त पहिरो गयो भन्ने सुन्नेबित्तिकै दौडदै हर्न आए। घर त बचेछ तर पहिरो हेर्दा कहाली लाग्यो,' उनी भन्छिन्, 'पुरानो पहिरोमा बस्दा जोखिम हुन्छ रे । कुन बेला फेरि पहिरो गएर ज्यानै जाने हो कि डर लाग्छ। छाडौँ भने गएर कहाँ बस्ने ?'

सुनुवारको परिवारमा कमाउने कोही छैनन् । परिवारमा नियमित आम्दानीको स्रोत केही छैन। घरखर्च चलाउन सरकारी भत्तामा निर्भर हुनुपरेको उनी बताउँछिन्। छोराको मृत्युपछि बुहारीले पनि घर छाडिन्। अहिले नातिनी छिन्। उनी स्नातक पढ्दै छिन्। 'कमाइ केही छैन, के गरी खाने ? त्यही भत्ता अलिअलि दिन्छ, त्यही हो,' उनी भन्छिन् । उमेर ढल्किँदै गएको परिवारका लागि नियमित आम्दानीको अभावले जोखिममा रहेको घर छाडेर अन्यत्र सर्न झनै कठिन बनाएको छ।

पहिरो गएको करिब दुई वर्ष बितिसक्दा पनि जोखिम टरेको छैन। मन ढुक्क हुनै सकेको छैन । पहिरो गएको भागलाई अस्थायी रूपमा प्लास्टिकले छोपिएको थियो । तर अहिले त्यही प्लास्टिक च्यातिएको छ। प्लाष्टिकले पहिरो छोप्दा जमिनमुनि पानी छिन नपाउने र पहिरो जोखिम न्यूनीकरण गर्न सकिने भौगर्भिकविद्ले बताउँदै आएका छन् । 'पहिला प्लास्टिकले छोप्यौँ, अहिले त्यो पनि च्यातिहाल्यो, झन डर लाग्छ,' गङ्गा भन्छिन्।

पहिरो नियन्त्रण तथा जोखिम न्यूनीकरणका लागि स्थानीय तहमा जानकारी गराइएको गङ्गाले बताइन् । आफूहरूले समस्या समाधानका लागि आग्रह गरे पनि काम पूर्ण रूपमा हुन नसकेको उनको भनाइ छ । गङ्गाकी बहिनी दुर्गा रिसालको घर पनि त्यही जोखिमयुक्त क्षेत्रमा छ। दुर्गा रिसालका लागि पनि मनसुनी वर्षाले तर्साउँछ। पहिरोले ज्यानै जालाकी भन्ने भय उनमा पनि छ । त्यही बस्तीमा बस्ने पार्वती सुनारका लागि पनि पुरानो पहिरोले पिरलो थपेको छ। उनलाई पनि वर्षायाम सुरु भएयता नै प्राकृतिक विपद्ले उठिबास गर्छ कि भन्ने चिन्ताले सताउने गरेको छ । आँगनीबाट हेर्दा देखिने कहालीलाग्दो पहिरोले वरपरका बासिन्दालाई मानसिक त्रासदी उत्पन्न गराएको छ।

पहिरोले प्रभावित परिवारका लागि बस्ती स्थानान्तरणदेखि पहिरोको दिगो व्यवस्थापनजस्ता कार्य प्रभावकारी रुपमा अगाडि बढ्न नसकेको भन्दै सरोकारवालाले आवाज उठाउदै आइरहेका छन् । वर्षा सकिएपछि जोखिम केही कम देखिए पनि अर्को वर्ष पानी पर्न थालेपछि पुरानै चिन्ता फर्किन्छ । पहिरो फेरि खस्यो भने के गर्ने ? घरभित्र रहेका सामान कसरी जोगाउने ? परिवारका सदस्य कहाँ जाने ? यस्ता प्रश्नले उक्त स्थानका बासिन्दालाई सताउने गरेको छ।

विज्ञ भन्छन्: पुराना पहिरोको जोखिम जहिले पनि रहन्छ

भूगर्भविद् डा. सुवोध ढकालले पुरानो पहिरो गएको स्थानमा पुनः पहिरो जाने जोखिम जहिले पनि रहने बताएका छन्। उनले पहिरो गएको स्थानमा माटो खुकुलो हुने तथा वर्षाको पानी जमिनभित्र प्रवेश गर्ने भएकाले भूक्षय बढ्दै जाने र पुनः ठूलो पहिरो जानसक्ने बताए। 'भौगर्भिक दरारका कारण पहिरो गएको हो भने त्यसको मूल कारण यथावत् रहन्छ । पहिरो गएपछि जमिन केही समथर देखिने भएकाले त्यस्ता स्थानमा मानिस बसोबास गर्ने र खेतीपाती गर्ने गरेका छन्। त्यहाँ पनि पहिरोको जोखिम रहन्छ,' उनले भने।

डा. ढकालले पहिरोको पानी तथा थप कटान रोक्न तत्कालका लागि प्लास्टिकले छोप्न सकिए पनि त्यो दीर्घकालीन समाधान नभएको बताए। पहिरोको जोखिम न्यूनीकरणका लागि भौगर्भिक अध्ययनसहित दीर्घकालीन संरक्षणका उपाय अवलम्बन गर्नुपर्ने उनको भनाइ छ। नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकाले भूकम्पपछि पहिरोको जोखिमसमेत बढ्ने उनले बताए । ढकालले जथाभावी डोजर प्रयोग गरी गरिने विकास निर्माणले समेत पहिरोको जोखिम बढाइरहेको उल्लेख गर्नुभयो । 'भौगर्भिक अध्ययन नगरी घर निर्माण गरेर बसोबास गर्ने प्रवृत्तिका कारण पनि समस्या बढेको छ,' उनले भने।

ढकालले बस्ती निर्माणसम्बन्धी योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने तथा सुरक्षित स्थान पहिचान गरेर मात्रै बस्ती बसाउनुपर्नेमा जोड दिए । जोखिमयुक्त स्थानमा रहेका बस्तीको पहिचान गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने उनको सुझाव छ। विकास निर्माण गर्दा वातावरणमैत्री पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै उनले पहिरोसम्बन्धी पूर्वतयारी र पूर्वसूचना प्रणालीमा लगानी बढाउनुपर्ने बताए।

यसैबीच, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बाढी प्रभावित जिल्लाका ५५ स्थानमा पूर्वसूचना तथा पूर्वकार्यका लागि साइरन सञ्चालनमा रहेको जनाएको छ।

**दीर्घकालीन समाधान खोजिने**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले पहिरोको उच्च जोखिममा रहेका बस्तीको अध्ययन गरी जोखिम न्यूनीकरण तथा व्यवस्थापनका दीर्घकालीन उपाय अवलम्बन गरिने बताउनुभएको छ । उनले पहिरोको जोखिम रहेका स्थानमा रहेका बस्तीको भौगोलिक तथा जोखिम अवस्थाको अध्ययन गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरणका लागि पहल गरिने जानकारी दिए। 'यस विषयमा छलफल भइरहेको छ। आवश्यक पर्ने लगानी वैदेशिक सहायताबाट समेत जुटाएर काम अगाडि बढाउने तयारी गरिरहेका छौँ,' डा उप्रेतीले भने। उनले पहिरो गएको स्थानमा तत्काल राहत तथा उद्धारमा मात्र सीमित नभई जोखिमको मूल कारण पहिचान गरी दीर्घकालीन समाधानतर्फ ध्यान दिनुपर्ने बताए । जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानको छनोट तथा आवश्यक पूर्वाधार निर्माणमार्फत विपद्को जोखिम घटाइने उनको भनाइ छ।

यसैगरी, कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता डा महेश्वर ढकालले बाढी, पहिरोलगायत जलवायुजन्य विपद्बाट हुने क्षति तथा नोक्सानीलाई आधार बनाएर अन्तरराष्ट्रिय जलवायु वित्त पहुँचका लागि पैरवी गरिने बताउनुभएको छ । 'जलवायु परिवर्तनका कारण नेपालमा बाढी, पहिरो तथा अन्य विपद्को जोखिम बढ्दै गएको अवस्थामा प्रभावित समुदायको क्षति तथा नोक्सानी सम्बोधन गर्न अन्तरराष्ट्रिय जलवायु वित्तबाट सहयोग प्राप्त गर्न पहल भइरहेको छ,' उनले भने, 'आगामी कात्तिक २३ देखि मङ्सिर ४ गतेसम्म टर्किएको अन्ताल्यामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रको सम्मेलन कोप–३१ मा पनि जलवायुजन्य विपद्का उदाहरणहरू प्रस्तुत गरेर जलवायु न्यायका लागि पैरवी गर्ने तयारी छ।'

जलवायुजन्य विपद्बाट हुने क्षति तथा नोक्सानीको तथ्याङ्क र प्रमाणलाई व्यवस्थित गरी अन्तरराष्ट्रियस्तरमा प्रस्तुत गर्न सके जलवायु वित्त प्राप्तिका लागि नेपालको दाबी थप बलियो हुने उनको भनाइ छ।

**यस्तो छ सरकारको विपद् पूर्वतयारी**

प्राधिकरणका अनुसार चालु मनसुन अवधिमा विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउन देशभर ४६० एम्बुलेन्स सञ्चालनमा रहेको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसीले हाल ५३४ गोदामघर तयारी अवस्थामा रहेको जानकारी दिए । 'यसैगरी १२२ स्थानको भौगर्भिक अध्ययन सुरु भएको छ। पहिरो पन्छाउन ८१ वटा डोजर तयारी अवस्था छन्। यसैगरी एक हजार २४ वटा हेलिप्याड रहेका छन्,' उनले भने, 'यसैगरी नेपाली सेनासँग भएका चार वटा हेलिकोप्टर तैनाथ अवस्थामा छन् । निजी क्षेत्रसँग समन्वय गरी आवश्यक परेको खण्डमा हेलिकोप्टर परिचालन गर्न सकिने गरी ३४ वटा हेलिकोप्टर समेत तयारी अवस्थामा रहेका छन्। काठमाडौँ उपत्यकाभित्र निःशुल्क र बाहिर सहुलियत दरमा हेलिकोप्टरबाट उद्धार गर्ने गरी समझदारी भएको छ।'

उपसचिव केसीले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि सात अर्ब ५६ करोड २३ लाख ९२ हजार रुपैयाँ स्रोत व्यवस्थापन भएको जानकारी दिए। प्राधिकरणका अनुसार वैशाखयता ९९८ पहिरोको घटना भएकोमा ४३ जनाको ज्यान गएको छ भने दुई बेपत्ता र २२ जना घाइते भएका छन्।

# कांग्रेस मधेशको कार्यवाहक सभापतिमा यादव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिका उपसभापति चन्द्रेश्वरकुमार यादवलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको छ।

नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले उपसभापति यादवलाई कार्यवाहक सभापतिको जिम्मेवारी प्रदान गरेका हुन् । मुख्यमन्त्रीका रूपमा सरकारी काममा व्यस्त हुनुपर्ने भएकाले पार्टीको सांगठनिक गतिविधिलाई निरन्तरता दिन कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको कांग्रेस मधेश प्रदेश प्रचारप्रसार समितिका संयोजक नितिशकुमार गुप्ताले जानकारी दिए।

सभापति यादवले बिहीबार कांग्रेस विधान, २०७६ को ११औँ संशोधनसहितको धारा १३ को उपधारा १० (ङ) बमोजिम कार्यवाहक सभापतिको जिम्मेवारी तोकेका हुन्।

प्रदेश कार्यसमितिका काम–कारबाहीलाई निरन्तरता दिन तथा पार्टी संगठनका नियमित गतिविधिलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यादवलाई जिम्मेवारी दिइएको पत्रमा उल्लेख छ।

सभापति यादवको अनुपस्थितिमा प्रदेश कार्यसमितिका नियमित काम–कारबाही, संगठनात्मक गतिविधि तथा आवश्यक निर्णय प्रक्रियालाई पार्टीको विधान, नियमावली र स्थापित पद्धतिअनुसार अघि बढाउन कार्यवाहक सभापति यादवलाई अनुरोध गरिएको छ।

कार्यवाहक सभापतिको जिम्मेवारी पाएसँगै चन्द्रेश्वरकुमार यादवले सभापतिको अनुपस्थितिमा नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिको नेतृत्व गर्नेछन् । उनले प्रदेशका विभिन्न जिल्लामा पार्टी संगठनको गतिविधि, बैठक, भेला तथा अन्य सांगठनिक कामलाई समन्वय गर्दै अघि बढाउनेछन्।

मुख्यमन्त्रीको जिम्मेवारीसँगै पार्टीको प्रदेश सभापतिको जिम्मेवारीसमेत सम्हाल्दै आएका कृष्णप्रसाद यादवले सरकारी काममा बढ्दो व्यस्तताका कारण पार्टीको नियमित काम प्रभावित नहोस् भन्ने उद्देश्यले उपसभापतिलाई कार्यवाहक जिम्मेवारी दिएका हुन्।

# मधेश प्रदेशसभाको सातौँ अधिवेशन अन्त्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाको चालु सातौँ अधिवेशन शुक्रबार रातिबाट अन्त्य हुने भएको छ ।




प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले भदौ ५ गते शुक्रबार राति १२ बजेदेखि प्रदेशसभाको सातौँ अधिवेशन अन्त्य गरेका हुन् । प्रदेश सरकारको सिफारिसअनुसार प्रदेश प्रमुखले अधिवेशन अन्त्यसम्बन्धी निर्णय गरेका हुन् ।

चालु अधिवेशनमा प्रदेशसभाका कुल १७ वटा बैठक बसेका थिए । अधिवेशनका क्रममा प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरिएको थियो । यस्तै, प्रदेश सरकारको बजेटसमेत प्रदेशसभाबाट पारित भएको थियो ।

सातौँ अधिवेशनमा सरकारका विभिन्न विधेयक, नीति तथा कार्यक्रम र बजेटमाथि छलफलसँगै प्रदेशको विकास, सेवा प्रवाह, सुशासन तथा जनसरोकारका विषयमा प्रदेशसभा सदस्यहरूले सरकारको ध्यानाकर्षण गराएका थिए ।

अधिवेशनका क्रममा सत्ता पक्ष र प्रतिपक्षका सांसदहरूले प्रदेश सरकारको कार्यशैली, बजेट कार्यान्वयन, विकास निर्माण तथा प्रदेशको अधिकार कार्यान्वयनलगायतका विषयमा धारणा राखेका थिए । कतिपय विषयमा सरकारको आलोचना तथा सुधारका लागि सुझावसमेत दिइएको थियो ।

# सशस्त्रद्वारा राजस्व छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्सा तथा मातहतका बिओपी प्रसौनीभाठा, सुरक्षा बेश पोखरिया, बिओपी ब्रह्मनगर तथा सीमा सुरक्षा गुल्म अलौबाट खटिएका विभिन्न टोलीले पर्सा जिल्लाका सीमा क्षेत्रमा चेकजाँच तथा गस्ती गर्ने क्रममा भन्सार छली गरी ओसारपसार हुँदै गरेका प्रतिबन्धित सामान बरामद गरेको छ।



ब्रोइलर कुखुराका चल्ला, मदिरा, कपडा, किराना सामान तथा मोटरसाइकल गरी ८ लाख ६ हजार रुपैयाँ बराबरका सामान तथा सवारीसाधन नियन्त्रणमा लिइएको सशस्त्रले जनाएको छ।

बिओपी प्रसौनीभाठा र सुरक्षा बेश पोखरियाबाट खटिएको संयुक्त टोलीले विन्दवासिनी गाउँपालिका–४ कुकैयास्थित सीमा क्षेत्रबाट ३ लाख रुपैयाँ बराबरका ३० कार्टुनमा रहेका ३ हजार प्रतिबन्धित ब्रोइलर कुखुराका चल्लासहित १ जना व्यक्ति नियन्त्रणमा लिएको छ । पशु क्वारेन्टाइनका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, पत्रकार तथा नेपाल प्रहरीको रोहबरमा चल्लाहरू नष्ट गरी नियन्त्रणमा लिइएका व्यक्तिलाई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ।

त्यसैगरी, बिओपी ब्रह्मनगरबाट खटिएको टोलीले सीमा क्षेत्रबाट नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरेको १ लाख ५५ हजार रुपैयाँ बराबरको मदिरा तथा मोटरसाइकलसहित १ जना व्यक्ति नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि भन्सार कार्यालयमा बुझाएको छ।

यसैगरी, सीमा सुरक्षा गुल्म अलौबाट खटिएको मोबाइल तथा मोटरसाइकल गस्ती टोलीले पर्साको बौधिमाई नगरपालिका–९ विश्रामपुरलगायतका सीमा क्षेत्रबाट भन्सार छली गरी नेपालतर्फ ल्याइँदै गरेको ३ लाख ५१ हजार रुपैयाँ बराबरको कपडा, मोटरसाइकल तथा विभिन्न किराना सामान नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको छ।

२४ बोरा युरिया मलसहित पक्राउ

भारत–नेपाल सीमाबाट अवैध रूपमा नेपालतर्फ लैजान लागिएको २४ बोरा युरिया मलसहित एक जनालाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ । एसएसबीका अनुसार सीमा चौकी बडहरवाका सुरक्षाकर्मीले मोटरसाइकल र साइकलमार्फत भारतबाट नेपालतर्फ युरिया मल तस्करी भइरहेको सूचना पाएपछि शुक्रबार बिहान विशेष गस्ती परिचालन गरेका थिए।

७१ औँ वाहिनी एसएसबी, मोतिहारीका कमान्डेन्ट प्रफुल्ल कुमारको निर्देशनमा सहायक उपनिरीक्षक विजय कुमारको नेतृत्वमा पाँच सदस्यीय टोली बिहान सीमा क्षेत्रमा पुगेको थियो।

गस्ती टोलीले बलुवा पोस्ट र सैनिक रोडनजिक मिठाई पसलबीच ग्रामीणले बनाएको कच्ची बाटो हुँदै केही व्यक्तिले युरियाका बोरा नेपालतर्फ लैजाँदै गरेको देखेपछि रोक्ने प्रयास गरेको थियो।

सुरक्षाकर्मी आएको देखेपछि मल बोकेका व्यक्तिहरू मोटरसाइकल, साइकल र मलका बोरा छाडेर भागेका थिए। त्यस क्रममा पूर्वी चम्पारण जिल्लाको बिजबनी पोस्टअन्तर्गत बलुवा गाउँका करिब ५० वर्षीय गोपाल रायलाई एसएसबीले पक्राउ गरेको जनाएको छ।

आसपासको क्षेत्रमा गरिएको खोजतलासका क्रममा विभिन्न स्थानबाट छाडेर भागेका २४ बोरा युरिया मल, चारवटा साइकल र एउटा प्लेटिना मोटरसाइकल बरामद गरिएको छ । बरामद सामग्री आवश्यक कानुनी प्रक्रियाका लागि एसएसबीको समवाय मुख्यालयमा लगिएको थियो । प्रारम्भिक कारबाहीपछि बरामद मल, साइकल र मोटरसाइकललाई सीमा शुल्क कार्यालय, मोतिहारीमा बुझाउने प्रक्रिया अघि बढाइएको एसएसबीले जनाएको छ।

# होस्टलमा हत्या आरोपमा बाराका दुई युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
काठमाडौँको शंखमुलस्थित भ्याली ब्वाइज होस्टलमा युवकको हत्या गरेको आरोपमा फरार रहेका बाराका युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका–३ का १८ वर्षीय शेखर यादव र २० वर्षीय प्रमित पटेल छन्।

यादव र पटेलले कुटपिट गर्नुका साथै धारिलो हतियार प्रहार गरी होस्टलमा बस्ने दाङ, घोराही उपमहानगरपालिका–१७ का २२ वर्षीय वसन्त कालाथोकीको हत्या गरेका थिए । घटनामा गम्भीर घाइते भएका कालाथोकीलाई उपचारका लागि मीनभवनस्थित निजामती कर्मचारी अस्पताल लगिएको थियो। टाउको र घाँटीमा गम्भीर चोट लागेका उनको उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए।

घटनापछि शेखर यादवलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको थियो भने पटेल फरार थिए। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको समन्वयमा प्रहरीले पटेललाई मकवानपुरको भैँसेबाट शुक्रबार पक्राउ गरेको हो । पक्राउ परेका पटेललाई काठमाडौँ लगिएको छ।

# सुधारगृहबाट १७ वर्षीय किशोर भागे




**मधेशदृष्टि**
**वीरगंज।**
लागूऔषध कसुरमा अदालतको फैसलापछि वीरगंजस्थित बाल सुधार गृहमा राखिएका १७ वर्षीय युवक ४ दिनदेखि फरार रहेको खुलासा भएको छ । सर्लाहीको गोडैता नगरपालिका घर भएका ती युवक मंगलबार बिहान करिब साढे ५ बजे सुधार गृहको पछाडितर्फ रहेको झ्यालबाट हाम्फालेर फरार भएको पर्सा प्रहरीले जनाएको छ।

पर्सा प्रहरीका प्रवक्ता डीएसपी चक्र मल्लका अनुसार युवक फरार भएको जानकारी पाएलगत्तै उनको खोजीका लागि प्रहरी परिचालन गरिएको थियो । तर, फरार भएको तीन दिन बितिसक्दा पनि उनको अवस्था पत्ता लाग्न सकेको छैन । प्रहरीका अनुसार लागूऔषधसम्बन्धी कसुरमा अदालतको फैसलापछि करिब एक साताअघि मात्रै उनलाई बाल सुधार गृहमा राखिएको थियो। फरार युवकको खोजीका लागि सम्भावित स्थानमा प्रहरी परिचालन गर्नुका साथै घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मितेरी पुलमा प्रतीक्षालय र पानीको सुविधा

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल–भारत मितेरीपुल क्षेत्रमा यात्रु प्रतीक्षालयसहित चिसो खानेपानीको मेसिन जडान गर्ने कार्य तीव्र गतिमा भइरहेको छ । ग्रीनसिटी सामुदायिक सेवा केन्द्र र रुङ्गटा वेलफेयर सोसाइटीको सहयोगमा खानेपानीको व्यवस्था गर्न लागिएको हो । वीरगंजको मुख्य नाका मितेरीपुल हुँदै भारतबाट दैनिक हजारौँ मानिस नेपाल प्रवेश गर्ने गरेका छन्।

लामो समयदेखि यो क्षेत्रमा यात्रु तथा सर्वसाधारणले खानेपानीको समस्या भोग्दै आएका छन् । सोही समस्या समाधानका लागि चिसो खानेपानीको मेसिन जडान गर्न लागिएको ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए । एक साताभित्रै कार्य सम्पन्न हुने गरि काम अगाडि बढाइएको अध्यक्ष खेतानले जानकारी दिएका छन्।

# अरिङ्गालको टोकाइबाट बालिकाको निधन



**मधेशदृष्टि**
**रौतहट।**
चन्द्रपुर नगरपालिका–२ जुडिबेलामा अरिङ्गालको टोकाइबाट ६ वर्षीया बालिकाको मृत्यु भएको छ । स्थानीयका अनुसार दिनेश कुमार चौधरीकी ६ वर्षीया छोरीलाई बिहीबार अरिङ्गालले टोकेको थियो।

अरिङ्गालको टोकाइपछि उनलाई उपचारका लागि चन्द्रनिगाहपुरस्थित सरकारी अस्पताल लगिएको थियो । अस्पतालले थप उपचार आवश्यक रहेको भन्दै तत्काल वीरगंज रिफर गरेपछि बालिकालाई वीरगंज लगिएको स्थानीय सञ्चारकर्मी विवेक कुमार चौधरीले जानकारी दिए। उनका अनुसार बालिकाको वीरगंजस्थित अस्पतालमा उपचारका क्रममा शुक्रबार बिहान मृत्यु भएको हो।

# विभिन्न दुर्घटनामा तीन जनाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
मधेशका विभिन्न जिल्लामा भएका दुर्घटनामा तीन जनाको मृत्यु भएको छ।

महोत्तरीको गौशाला नगरपालिका–१ विश्वकर्मा चोकस्थित गौशाला–माइस्थान सडकखण्डमा मोटरसाइकलको ठक्करबाट पाँच वर्षीय बालकको मृत्यु भएको छ । गौशालाबाट माइस्थानतर्फ जाँदै गरेको ज.७ प.३७८ नम्बरको मोटरसाइकलले बाटो काट्ने क्रममा गौशाला नगरपालिका–१ वानटोल बस्ने अन्दाजी पाँच वर्षीय आदित्य कुमार महतोलाई ठक्कर दिएको थियो।

मोटरसाइकलको ठक्करबाट टाउकोमा चोट लागी गम्भीर घाइते भएका महतोलाई उपचारका लागि बर्दिबासस्थित शुभ स्वस्तिक अस्पताल लगिएको थियो। त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि जनकपुर पठाइएको थियो।

जनकपुरस्थित न्युरो अस्पतालले थप उपचारका लागि ललितपुरस्थित मेडिसिटी अस्पताल रिफर गरेपछि बालकलाई त्यहाँ लगिएको थियो । मेडिसिटी अस्पतालमा उपचारका क्रममा महतोको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको टोलीले मोटरसाइकल र चालक गौशाला नगरपालिका–८ बेलगाछीका अन्दाजी ४१ वर्षीय दिलीप कुमार खड्कालाई नियन्त्रणमा लिएको छ । मोटरसाइकल र चालकलाई इलाका प्रहरी कार्यालय गौशालामा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, सर्लाहीको मलङ्गवामा भएको सवारी दुर्घटनामा युवतीको मृत्यु भएको छ। मलङ्गवा नगरपालिका–८ स्थित नेपाल बैंक चोक नजिकै ट्र्याक्टरको ठक्करबाट पैदलयात्रा गरिरहेकी गोडैता नगरपालिका–५, की २० वर्षीया गुरियाकुमारी गुप्ताको मृत्यु भएको हो । नगरपालिका चोकबाट राजश्री चोकतर्फ जाँदै गरेको ज१त ५२४६ नम्बरको ट्र्याक्टरले गुप्तालाई ठक्कर दिएको थियो। लगत्तै उनलाई प्रादेशिक अस्पताल मलङ्गवा पु¥याएपछि चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

युवतीको शव परीक्षणको लागि सोही अस्पतालमा राखिएको प्रहरीले जनाएको छ । घटनालगत्तै ट्र्याक्टर चालक गोडैता नगरपालिका–११ का १७ वर्षीय अजय साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले प्रहरी नायब उपरीक्षक गौतमले बताए । मृतक युवती मलङ्गवास्थित सर्लाही क्याम्पसमा बिबिएस दोस्रो वर्षमा अध्यनरत थिइन्।

यस्तै, सर्लाहीमा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एकजनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् । हरिपुर्वा नगरपालिका – ३ काब्रिस्तानस्थित धनकौल–पर्सा भित्री सडकखण्डमा भएको दुर्घटनामा हरिपुर्वा–३ का ४० वर्षीय कारी पमरियाको मृत्यु भएको प्रहरीले जनाएको छ । उनी ज ११ प १२१३ नम्बरको मोटरसाइकलको पछाडि सवार थिए । दुर्घटनामा घाइते भएका पमरियाको उपचारका क्रममा मृत्यु भएको हो।

त्यस्तै, प्रदेश २–०२–००३ प ११७५ नम्बरको मोटरसाइकल चालक ईश्वरपुर नगरपालिका–१५ सुक्नाहका ४५ वर्षीय चन्देश्वर दास घाइते भएका छन ्। उनको जनकपुरस्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनापछि ज ११ प १२१३ नम्बरको मोटरसाइकल चालक हरिपुर्वा नगरपालिका–३ का २६ वर्षीय अदुत शेखलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुवै मोटरसाइकललाई प्रहरी चौकी पर्साको नियन्त्रणमा राखिएको प्रहरीले जनाएको छ।

# चर्को गर्मीले मधेशको जनजीवन प्रभावित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
अत्यधिक गर्मी बढेसँगै मधेश प्रदेशको जनजीवन प्रभावित हुन थालेको छ । पछिल्ला दिनमा तापक्रम निरन्तर बढ्दै जाँदा जनकपुरधाममा सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ भने यसको असर बजार, व्यापार–व्यवसाय र पर्यटन क्षेत्रमा समेत देखिन थालेको छ। दिउँसोको समयमा गर्मी अत्यधिक हुने भएकाले अत्यावश्यक कामबाहेक सर्वसाधारण घरबाहिर निस्कन कम गरेका छन्। बिहान र साँझको समयमा केही चहलपहल देखिए पनि दिउँसो जनकपुरधामका मुख्य बजार क्षेत्र तुलनात्मक रूपमा सुनसान देखिन थालेका छन्।

व्यवसायीहरूका अनुसार विगतमा दिउँसोसम्म ग्राहकको भीड लाग्ने बजारमा अहिले मानिसको आवागमन घटेको छ। गर्मीका कारण सर्वसाधारणले किनमेल तथा अन्य काम बिहान वा साँझतिर सार्न थालेपछि व्यापारमा समेत असर परेको व्यवसायीहरूको भनाइ छ।

गर्मीको प्रत्यक्ष प्रभाव जनकपुरधामका धार्मिक तथा पर्यटकीय क्षेत्रमा समेत परेको छ। जानकी मन्दिर, राम मन्दिर, विवाहमण्डपलगायतका प्रमुख धार्मिक स्थलमा विगतको तुलनामा दर्शनार्थी तथा पर्यटकको चहलपहल घटेको देखिन्छ । विशेषगरी दिउँसोको समयमा गर्मी छल्न पर्यटक तथा दर्शनार्थीको आवागमन निकै न्यून हुने गरेको स्थानीय व्यवसायीहरू बताउँछन्।

गर्मीका कारण बालबालिका, वृद्धवृद्धा तथा खुला ठाउँमा काम गर्ने श्रमिक बढी प्रभावित भएका छन्। निर्माण मजदुर, रिक्सा तथा ठेला चालक, सडकमा व्यापार गर्ने व्यवसायी र अन्य श्रमिकलाई चर्को घाममा काम गर्न कठिन भइरहेको छ।

चिकित्सकका अनुसार अत्यधिक गर्मीका कारण शरीरमा पानी तथा लवणको कमी हुँदा टाउको दुख्ने, चक्कर लाग्ने, कमजोरी महसुस हुने, अत्यधिक पसिना आउने तथा शरीरमा पानीको मात्रा घट्ने समस्या देखिन सक्छ । लामो समयसम्म चर्को घाममा बस्दा ‘हीट स्ट्रोक’को जोखिमसमेत बढ्ने भएकाले सावधानी अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन्।

गर्मीबाट जोगिन पर्याप्त मात्रामा पानी तथा झोल पदार्थ सेवन गर्न, हल्का र पातलो कपडा लगाउन तथा अनावश्यक रूपमा दिउँसोको चर्को घाममा ननिस्कन चिकित्सकहरूको सुझाव छ। विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीलाई गर्मीबाट जोगाउन परिवारका सदस्यले विशेष ध्यान दिनुपर्ने उनीहरू बताउँछन्।

मधेशमा मनसुनको समय भए पनि पछिल्ला दिनमा पर्याप्त वर्षा हुन नसक्दा गर्मी झन् बढेको छ । वर्षाको अभावसँगै चर्को घाम लाग्दा दिउँसोको तापक्रम बढ्दै गएको छ । यसले सर्वसाधारणको दैनिकी मात्र होइन, बजार, पर्यटन तथा बाहिरी काममा निर्भर श्रमिकको आम्दानीमा समेत असर पार्न थालेको छ।

## जनकपुरधाममा गुठी जग्गा अतिक्रमण

# हटाउन आजदेखि डोजर चलाइने



मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधाममा अतिक्रमणमा परेको गुठी जग्गा खाली गराउने अभियान आज शनिबारदेखि सुरु हुने भएको छ। गुठी जग्गा संरक्षण तथा अतिक्रमण हटाउने कार्यान्वयन समितिले अतिक्रमित क्षेत्रमा डोजर चलाएर जग्गा खाली गराउने तयारी गरेको हो।

समितिका सदस्य सचिव जनक पोखरेलका अनुसार अभियानको पहिलो चरणमा अतिक्रमणमा परेका पोखरीका डिल खाली गराइनेछ।

पहिलो चरणमा पहिचान गरिएका ५० वटा पोखरीलाई अतिक्रमणमुक्त बनाउने लक्ष्य राखिएको उनले जानकारी दिए।

अतिक्रमण हटाउने अभियानबारे समितिले यसअघि नै सार्वजनिक सूचना जारी गरिसकेको छ। सम्बन्धित क्षेत्रमा शुक्रबार माइकिङसमेत गरेर अतिक्रमण हटाउन लागिएको जानकारी गराइएको समितिले जनाएको छ।

समितिले गुठी जग्गा अतिक्रमण हटाउने कामलाई चरणबद्ध रूपमा अघि बढाउने कार्ययोजना बनाएको छ। पहिलो चरणमा पोखरीका डिल तथा आसपासको अतिक्रमण हटाइनेछ भने दोस्रो चरणमा मन्दिर परिसरमा भएको अतिक्रमण हटाइनेछ। त्यसपछि अन्य गुठी जग्गामा भएको अतिक्रमण हटाउने योजना समितिको छ।

गुठी जग्गाको पहिचान तथा अतिक्रमण हटाउने क्रममा २०६२ सालमा भोजराज घिमिरेको नेतृत्वमा गठित कार्यदलले तयार पारेको प्रतिवेदनलाई आधार बनाइएको समितिले जनाएको छ। सो प्रतिवेदनमा उल्लेख भएका विवरणका आधारमा अतिक्रमित गुठी सम्पत्तिको पहिचान गरी चरणबद्ध रूपमा खाली गराउने तयारी गरिएको हो।

कार्ययोजनाअनुसार शनिबारदेखि जनकपुरधामको गोरधोइ पोखरीको डिलमा रहेको अतिक्रमित क्षेत्रबाट डोजर सञ्चालन गरिनेछ। त्यसपछि पहिचान भएका अन्य पोखरीका डिलमा समेत क्रमशः अतिक्रमण हटाउने काम अघि बढाइने समितिले जनाएको छ।

जनकपुरधामका ऐतिहासिक पोखरी, मन्दिर तथा धार्मिक सम्पत्तिको संरक्षणमा अतिक्रमण प्रमुख चुनौतीका रूपमा देखिँदै आएको छ। लामो समयदेखि अतिक्रमणमा परेका गुठी जग्गा खाली गराउने अभियान सुरु भएपछि धार्मिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।समितिले अभियानका क्रममा सार्वजनिक तथा धार्मिक प्रयोजनमा रहेका गुठी सम्पत्तिको संरक्षणलाई प्राथमिकता दिने जनाएको छ। साथै, अतिक्रमण हटाउने क्रममा सम्बन्धित अभिलेख, प्रतिवेदन तथा कानुनी व्यवस्थालाई आधार बनाएर प्रक्रिया अघि बढाइने बताइएको छ।

# भूतनाथ मन्दिरमा चोरीको प्रयास, एक पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामको प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारीस्थित भूतनाथ मन्दिरमा चोरीको प्रयास गर्ने एक जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ। चोरीमा संलग्न अर्का एक जना भने फरार भएका छन्।



जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहीबार राति करिब साढे १ बजे मन्दिरभित्र चोरी गरी भाग्ने तयारी गरिरहेका बेला भारतको बिहारस्थित मोतिहारी जिल्ला, इनरवा फुलबार थाना, लखौरा–७ का २६ वर्षीय मोतिफर रहमान मियाँ पक्राउ परेका हुन्।

प्रहरीका अनुसार मन्दिरको छिटकनी तोडेर भित्र प्रवेश गरेका उनीहरूले महादेवको मूर्तिमा रहेको चाँदीको जलहरी, ठूलो मुकुट तथा मूर्तिका चारैतिर रहेका भगवानका मूर्तिमा लगाइएका चार वटा मुकुट चोरी गरेका थिए। यस्तै नागदेवताको मूर्तिसमेत चोरी गरी कुच्याएर कम्बलमा बाँधी लैजाने क्रममा मियाँ पक्राउ परेका हुन्।

चोरीमा संलग्न अर्का व्यक्ति भने मन्दिरको पर्खाल नाघेर भाग्न सफल भएको प्रहरीले जनाएको छ। मन्दिरको छतमा सुतिरहेका स्थानीय एक व्यक्तिले चोरहरूले मन्दिरभित्र चोरी गरिरहेको देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए। सूचना प्राप्त हुनासाथ प्रहरी परिचालन गरिएको र करिब १० देखि १५ मिनेटभित्र घटनास्थल पुगेर एक जनालाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेका मियाँलाई थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको छ। फरार व्यक्तिको खोजतलास तीव्र पारिएको प्रहरीले जनाएको छ। पछिल्लो समय जनकपुरधाम नगर क्षेत्रका घर, पसल तथा कलकारखाना चोरीको निशानामा पर्दै आएका छन्। केही समययता धार्मिक तथा ऐतिहासिक महत्व बोकेका मठमन्दिरसमेत चोरीको जोखिममा पर्न थालेपछि धार्मिक स्थलको सुरक्षा व्यवस्थामाथि प्रश्न उठ्न थालेको छ।

भूतनाथ मन्दिरमा भएको चोरीको प्रयासले रातको समयमा धार्मिक स्थलको सुरक्षा तथा निगरानी थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाएको छ।

# मिर्चैयामा फेरि चोरी, १२ तोला सुन र डेढ लाख नगद गायब

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको मिर्चैया नगरपालिका–७ एकटा टोलमा बिहीबार राति एक घरमा चोरी भएको छ। चोरले घरबाट करिब १२ तोला सुन, ३० तोला चाँदीका गरगहना तथा १ लाख ५० हजार रुपैयाँ नगद चोरी गरेको पीडित परिवारले जनाएको छ। पीडित राजीव रञ्जन यादवका अनुसार रातिको समयमा घरमा प्रवेश गरेका चोरले घरमा राखिएका सुनचाँदीका गरगहना तथा नगद रकम चोरी गरी फरार भएका हुन्। घरका सदस्यहरू सुतिरहेको अवस्थामा चोरी भएको बताइएको छ। घटनाबारे जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थलको मुचुल्का उठाउनुका साथै चोरी भएको सामानको विवरण संकलन गरी घटनाको अनुसन्धान अघि बढाएको जनाएको छ।



प्रहरीका अनुसार चोरीमा संलग्न व्यक्तिको पहिचान तथा खोजीका लागि आवश्यक अनुसन्धान भइरहेको छ। घटनास्थल आसपासका क्षेत्र र सम्भावित आवतजावतका स्थानमा समेत प्रहरीले निगरानी बढाएको जनाएको छ।

मिर्चैया नगर क्षेत्रमा पछिल्लो समय चोरीका घटना दोहोरिन थालेपछि स्थानीयवासीमा त्रास बढेको छ। स्थानीयका अनुसार नगरपालिकाका विभिन्न वडामा पछिल्लो समय एक दर्जनभन्दा बढी घरमा चोरीका घटना भइसकेका छन्।

केही घटनामा संलग्न व्यक्तिहरू पक्राउ परे पनि चोरीका घटना पूर्णरूपमा नियन्त्रणमा आउन नसकेको स्थानीयको गुनासो छ। रातिको समयमा अपरिचित तथा शंकास्पद व्यक्तिको आवतजावत बढेको भन्दै स्थानीयले सुरक्षा निगरानी र प्रहरी गस्ती प्रभावकारी बनाउन माग गरेका छन्।

स्थानीयले विशेषगरी चोरीका घटना बढी हुने क्षेत्र पहिचान गरी रातिको समयमा नियमित गस्ती बढाउन, संवेदनशील स्थानमा निगरानी राख्न तथा श्रृंखलाबद्ध चोरीमा संलग्न समूहको पहिचान गरी कारबाही गर्न प्रहरीसँग माग गरेका छन्।

इलाका प्रहरी कार्यालय मिर्चैयाले पछिल्लो चोरी घटनाबारे अनुसन्धान भइरहेको र चोरीमा संलग्न व्यक्तिको खोजी तीव्र पारिएको जनाएको छ।

## सुक्दै गएका पानीका मुहानलाई

# संरक्षण गर्न मार्गचित्र सार्वजनिक

**काठमाडौँ।**
विश्व पानी सप्ताह २०२६ का लागि विश्वभरका नेताहरू स्वीडेनको स्टकहोममा भेला भइरहेका बेला नेपालमा सुक्दै गएका पानीका मुहानलाई पुनर्जीवित र संरक्षण गर्न मार्गचित्र सार्वजनिक गरिएको छ।

नेपालका तीन जिल्लाका नौ स्थानीय सरकार प्रमुख तथा नेपाल नगरपालिका सङ्घका अध्यक्षले मूलधार व्यवस्थापन र सुशासनका लागि देशकै पहिलो उपराष्ट्रिय मार्गचित्र अनुमोदन गरी सार्वजनिक गरेका हुन्।

मार्गचित्र अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) मुख्यालयमा शुक्रबार आयोजित विशेष कार्यक्रममा सार्वजनिक गरिएको हो। मार्गचित्र लाखौँ नेपालीको पिउने पानी, घरायसी प्रयोजन, पशुपालन र सिँचाइको आवश्यकतासँग जोडिएका, तर सुक्दै गएका पानीका मुहानको संरक्षण तथा पुनःस्थापनाका लागि स्थानीय तहले आफ्नै स्वामित्वमा तयार गरेको कार्ययोजना हो। जलवायु परिवर्तन तथा मानवीय गतिविधिबाट सिर्जित विभिन्न कारणले नेपालभरका मुहानहरूमा बढ्दो दबाब परिरहेको महत्त्वपूर्ण समयमा यो पहल अगाडि बढाइएको छ। भूमिको उपयोगमा परिवर्तन, वन विनाश, जनसङ्ख्या वृद्धि, डढेलो, अत्यधिक चरिचरन तथा चरम मौसमी घटनालगायतका कारणले मुहानहरू थप जोखिममा परिरहेका छन्। काभ्रेपलाञ्चोकका सात नगरपालिका तथा गाउँपालिकामा नागरिक विज्ञानमा आधारित विधिबाट करिब पाँच हजार ७०० पानीका स्रोतको नक्साङ्कन गर्दा हाल प्रवाहमा रहेका मुहानमध्ये ५८ प्रतिशतमा पानीको बहाव घट्दै गएको तथा करिब एक चौथाइभन्दा बढी मुहानहरू पूर्ण रूपमा सुकिसकेका इसिमोडले जनाएको छ। राष्ट्रियस्तरमा नेपालको कुल जनसङ्ख्यामध्ये १६ प्रतिशतले मात्र सुरक्षित रूपमा व्यवस्थापन गरिएको खानेपानी सेवामा पहुँच पाएका छन्। यसको अर्थ, ग्रामीण क्षेत्रमा बसोबास गर्ने लाखौँ परिवारका लागि पानी लिन टाढासम्म हिँड्नुपर्ने, महिला तथा बालबालिकाको कामको बोझ बढ्ने र कृषि उत्पादकत्वमा कमी आउनु हो। मुहानहरू सुक्दै जानु भुटान, भारत र पाकिस्तानलगायत हिन्दूकुश हिमालय क्षेत्रका अन्य देशहरूमा पनि बढ्दो चिन्ताको विषय बनिरहेको छ। मार्गचित्र काभ्रेपलाञ्चोकका दुई गाउँपालिका र चार नगरपालिका, धनकुटाका दुई नगरपालिका र खोटाङको एउटा नगरपालिकाको सहभागिता तथा सहकार्यमा संयुक्त रूपमा तयार गरिएको हो।

मूलधार व्यस्थापनका लागि स्थानीय सरकारहरूको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति उत्तरदायी मूलधार व्यवस्थापनलाई स्थानीय नीति, वार्षिक योजना तथा बजेट प्रक्रियामा समावेश गर्नु मार्गचित्रका प्रमुख उद्देश्य हो। रासस

## देशभर करिब ९८ प्रतिशत

## धान रोपाइँ सम्पन्न

**काठमाडौँ।**
कृषि विभागले देशभर करिब ९८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको जनाएको छ। यो गत वर्षको तुलनामा १.९२ प्रतिशतले धेरै हो। विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार आजसम्म १३ लाख ४१ हजार ७ सय ६४ हेक्टर जमिनमा रोपाइँ भएको छ। विभागले १३ लाख ७० हजार हेक्टर जमिन खेतीयोग्य रहेको जनाएको छ।

प्रदेशगत रूपमा हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। कर्णालीमा ९८.५ प्रतिशत, लुम्बिनीमा ९७.८७ प्रतिशत, गण्डकीमा ९६.६८ प्रतिशत, बागमतीमा ९७.८२ प्रतिशत, मधेशमा ९८.१० प्रतिशत, कोशीमा ९७ प्रतिशत रोपाइँ सकिएको छ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले विशेषगरी मधेश प्रदेशलगायतका क्षेत्रमा पर्याप्त पानी नपरेकाले यस वर्ष केही ढिला रोपाइँ भएको बताउँदै पछिल्लो समय रोपाइँमा सुधार आएको जानकारी दिए।

उनका अनुसार अधिकांश स्थानमा रोपाइँ गर्न आकासे पानीकै भर पर्नुपर्ने अवस्था भए पनि मनसुन सुखद् रहेका कारणअघिल्लो वर्षको तुलनामा यस वर्ष धान रोपाइँको अवस्था राम्रो रहेकाले उत्पादनमा वृद्धि हुन्छ। रासस

# भक्तपुरका किरण थापा मगरः वडाध्यक्षदेखि मुख्यमन्त्रीसम्म

शिव चौलागाईँ
मकवानपुर।
बागमती प्रदेश सरकारमा बिहीबारमात्रै सातौँ मुख्यमन्त्रीका रूपमा नियुक्त भएका किरण थापा मगरको जन्म भक्तपुरको सूर्यविनायक–८ सिपाडोलमा २०३३ साल भदौ १४ गते भएको हो। पिता भैरवबहादुर थापा मगर र माता ललिता थापा मगरका सन्तानका रूपमा सामान्य परिवारमा उनको जन्म भएको थियो।

प्रविणता प्रमाणपत्र तहसम्मको औपचारिक शिक्षा हासिल गरेका उनी सानैदेखि सामाजिक गतिविधिमा चासो राख्दै आएको बताउँछन्। विसं २०४७ देखि उन निरन्तर राजनीति र सामाजिक सेवामा सक्रिय रहँदै आएका थिए।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को भक्तपुर जिल्ला कमिटी सदस्य हुँदै उनले जिल्ला कमिटी उपाध्यक्षको भूमिकामा समेत हुन्। पार्टी सङ्गठनको जिम्मेवारीसँगै स्थानीय जनप्रतिनिधिका रूपमा काम गर्ने अवसर पाएपछि उनको थप राजनीतिक परिचय बनेको हो। उनी २०७४ सालमा सूर्यविनायक नगरपालिका–८ को वडाध्यक्षमा निर्वाचित भएका थिए। त्यसबेला स्थानीय तहमा जनप्रतिनिधिको भूमिका निर्वाह गर्ने क्रममा नगरपालिकाको सामाजिक विकास समितिको संयोजकसमेत बने। स्थानीय तहको नेतृत्वका क्रममा उनले सामाजिक सेवा र जनप्रतिनिधिको भूमिकालाई सँगसँगै अघि बढाउने प्रयास गरेको देखिन्छ। विसं २०७९ मा भक्तपुर निर्वाचन क्षेत्र नं २ (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भए।

प्रदेशसभा सदस्यको जिम्मेवारीसँगै उनले प्रदेश सरकारमा मन्त्रीको भूमिकासमेत सम्हाले। विसं २०८१ साउन ९ गतेदेखि २०८३ असारसम्म उनले बागमती प्रदेशको स्वास्थ्यमन्त्रीका रूपमा दुईपटक जिम्मेवारी सम्हाले।



उनीसँग लामो समयदेखि सामाजिक सङ्घसंस्थामार्फत समुदायसँग जोडिएको अनुभव छ। केदारनाथको शिर मानिएको डोलेश्वर महादेव मन्दिर संरक्षण समितिको सचिव, उपाध्यक्ष हुँदै कार्यवाहक अध्यक्षसम्मको जिम्मेवारी सम्हालेका उनी धार्मिक तथा सामाजिक अभियानमा समेत सक्रिय छन्।

यस्तै, नेपाल रेडक्रस सोसाइटी सिपाडोल उपशाखाको सभापतिका रूपमा तीन कार्यकाल र भक्तपुर शाखाको उपसभापतिका रूपमा दुई कार्यकाल उनले भूमिका निर्वाह गरेका छन्। त्यस्तै, नेपाल रेडक्रस सोसाइटीको विशिष्ट सदस्यका रूपमा समेत काम गरेको उनको अनुभव छ।

खेलकुद र आर्थिक क्षेत्रमा पनि उनको संलग्नता छ। नेपाल तेक्वान्दो सङ्घ बागमती प्रदेशको कोषाध्यक्ष, सूर्यविनायक उद्योग वाणिज्य सङ्घको अध्यक्ष तथा विभिन्न खेलकुद र युवा क्लबको संरक्षकका रूपमा उनले भूमिका निर्वाह गरेका छन्। सिपाडोल क्षेत्र परोपकार समाज र 'आफ्नो घर आश्रम'सँग पनि उनी जोडिनुएका छन्।

राजनीति, समाज सेवाका साथै उनले आफ्नो निजी व्यवसायलाई समेत अगाडि बढाउनुभएको छ। उनका अनुसार निजी व्यवसायबाट ५०० भन्दा बढी नेपालीले प्रत्यक्ष रोजगारी पाएका छन्। युवालाई स्वरोजगार बनाउन तालिम, सहजीकरण र लगानी प्रवद्र्धनमा समेत आफू सक्रिय रहेको उन बताउनुहुन्छ।

उनले वडाध्यक्षका रूपमा आफ्नो जिम्मेवारी निर्वाह गरिरहँदा पनि त्यसबाट प्राप्त हुने सुविधा नलिएको बताउँछन्। त्यस सुविधाबापत बचत भएको १५ लाख रुपैयाँ बराबरको अक्षयकोष स्थापना गरे। कोषमा हाल ४० लाख रुपैयाँ पुगेको उनले बताए। विसं २०७२ को विनाशकारी भूकम्प, २०७५ को हनुमन्ते बाढी, उद्धार तथा राहतको कार्यमा उनले सक्रियतापूर्वक आफ्नो भूमिका निर्वाह गरेको स्मरण गर्छन्। यस्तै, कोरोना महामारीका बेला पनि सङ्क्रमित तथा प्रभावित नागरिकका लागि निःशुल्क पिसीआर परीक्षणको व्यवस्था र समन्वयदेखि घरघरमा अक्सिजन तथा औषधि पुर्याउने काममा उनी सक्रिय थिए।

प्रदेश सरकारको मुख्यमन्त्रीसम्म आइपुग्दा उनले सामाजिक संस्था, स्थानीय सरकार, प्रदेशसभा र प्रदेश सरकारका विभिन्न जिम्मेवारीमा आफ्नो भूमिका निर्वाह गरिसकेका छन्। वडाध्यक्षबाट सुरु भएको उनको राजनीतिक सेवाको यात्रा प्रदेशसभा सदस्य र मन्त्री हुँदै मुख्यमन्त्रीसम्म आइपुगेको छ।

पार्टीभित्रको सामान्य असन्तुष्टिलाई समाधान गरी मुख्यमन्त्री बनेका थापालाई राष्ट्रिय प्रजातन्त्र पार्टीको साथ रहेको दाबी गरिएको छ। उनलाई मुख्यमन्त्री बनाउन सहयोग गरेका दललाई साथमा लिएर अघि बढ्नुपर्ने देखिन्छ। साथै, सङ्घीयताको मर्मअनुसार प्रदेश सरकारलाई सञ्चालन गरी प्रदेशवासीको चाहनाबमोजिम कार्यसम्पादन गर्नुपर्ने दायित्व पनि उनको काँधमा छ।

**भदौ ७ गते विश्वासको मत लिने**

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले भदौ ७ गते विश्वासको मत लिने भएका छन्। उनले भदौ ७ गते बस्ने प्रदेशसभाको बैठकमा विश्वासको मत लिने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयले जनाएको छ। मुख्यमन्त्री थापामगरले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ बमोजिम त्यस दिन विश्वासको मतको प्रस्ताव सभामा प्रस्तुत गर्नुहुने प्रदेशसभा सचिव रामकुमार पौडेलले शुक्रबार जारी गरेको सूचनामा जनाइएको छ।

थापा मगरलाई बिहीबार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले मुख्यमन्त्रीमा नियुक्त गरेका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन